**श्री रामकी चैत**

**श्री राम कहानी**

**ईष्टकुल देवता नग्न्याल मठ्ठा ले अशिर्वाद दिउन।**

बडु न पियलका समुद पड्या छाया।

कै रानी पुत कै रानी जाया।

कौसिला पुत सौसिला जाया।

राम लक्षेमन दशरथ जाया।

कौसिका पण्डित अज्योध्या आया।

रामज्यु राजा बोलन लागी ग्यान।

सोजो भरी चामल बेल्या भरी घिय।

पण्डित गुरुबाब मेरो बोल लिय।

हमरा त बाबा ज्युकी पाति हेरी दिय।

पण्डित गुरुबाब पटहरी बस्या।

पटहरी खलामाई त सभा लागी गैछ।

हाली हाल्यो घुलौटो हेरी हाल्यो पाती।

पैलिकी होर हाल्यो सोईमिटि दिईछ।

पण्डित गरुबाब बोलन लाग्या।

आजकी हेरौनी होरलै न औनी।

हेरौनी राखी हाल्यो जोलो रुपयो।

अैल त राम ज्यु भलि होर आईछ।

आईगया तिरुवा छेडि हाल्या चाल ।

तसा चोक्या वामुनैका आखा खणी हाल्ला ।

दोसरी होर हालि मथेडो दुलाईछ ।

तेसरी होर हाली दोति जिव लिईछ ।

रामज्यु राजा बोलन लागी ग्यान ।

सोजो भरि चामल बेल्या भरि धिय ।

जसो धेक्या गुरुबाव तसोकैब दिय ।

पण्डित गुरुबाव बोलन लाग्या ।

साजो भरि चामल बेल्या भरि छ्याच ।

के कौ हो राजा धियलागी खात ।

## छोटो ढल

दशा शनेश्वर राहु ।

अन्तर केतुकी छोथा ।

कुसुम सुवाडी अदिनेई ।

अज्योध्या कोट अदिन्या ।

दशरथ दुरदीन आया ।

के लाग भानिजैकी हत्या ।

के लाग वामुनैकि हत्या ।

के लाग सोराकी हत्या ।

के लाग गाईकि हत्या ।

तम रजा दशरथ बनवाश लिय ।

हेरी हाल्यो बिन्नराईको साइतो ।

बुधबार बिनराईको साइतो ।

बुधवार बार घडी रात ।

आईगईछ बुधवार रात ।

निसीगईछ बार घडी रात ।

दशरथ बिनरा बटिया ।

रामज्यु बोलन लाग्या ।

तम बाबा बिन्नरा बटीया ।

अन्धा अन्धि को पालि देलो ।

अन्धा अन्धि सरपन सौप्या ।

लागी गया बिन्नरा बटौली ।

पुजि गया सरज्युका घाट ।

सरज्युमाई बास बस्यान ।

सरज्युमाई ज्युनार खाईछ ।

सरज्यु है तरी पार गयान ।

लागी गया खुरी धार बाटो ।

कालो धुरो मन्चनी काट्यो ।

रनबन बिनरा पुग्या ।

कास कुस मडीया रोकाईछ ।

ताई पुग्यो खाण खजुर ।

ताई बाद्या हरबाधि माल ।

ताई बाद्या जोला मङरौ ।।

दशरथ बिनरा बस्या ।

बिन्नराईको शैल सिकार ।

दीन दीन शैल सिकार ।

बिन्नराईमाई घनि घनि कार ।

**लामो ढल**

सरपन बालाईका अन्धा जिया बाबा ।

अन्धा जिया बाबा करकसा नारी ।

सरपन बालो सोधन लागी गईछ ।

तम मेरा जिया बाबा केउकी छ राच ।

अन्धा अन्धि तन दुइ बोलन लाग्या ।



हम बाला सरपन खिरोडीकी राच ।

सरपन निसिगया भुईसीका गोठ ।

करकसा निसिगईन कलिऐइका घर ।

कलिया दादा बिनति मेरी लेन ।

एक मुखेइ दो पेटई तौली बनाई देन ।

कलिया ल्वारइले तौलि बनाइछ ।

लियमन करकसा तमरो कबोल ।

एक मुखेइ दो पेटेइ तौलि बनाई ल्यईन ।

घीउनि घिउनि करकसा घर चलि आईन ।

सरपन लेईगया भुइसी को दुध ।

लीयमन करकसा जिउनार साल ।

आधा तौली रेडी हाल्यो दुधकी खिर ।

आधा तौलि रेडी हाल्यो चुकिली मैरोडी ।

करकसा रानिले ज्युनार साल्यो ।

करकसा रानी बोलन लागी गईछ ।

आसमन सरपन जिउनारी बस ।

सरपन बालो बोलन लागी गईछ ।

आस मेरा  जिया बाबा जिउनार बस ।

अन्धा अन्धि तन दुएई जिउनार बस्या ।

आफु खान्छे करकसा दुधइकी खीर ।

अन्धा अन्धि दिहाल्यो चुकिली मैरोडी ।

चुकीली मैरोडी सित भुमिरीको तेल ।

अन्धा अन्धि तन दुईले जिउनार खाइछ ।

सरपन बालो सोधन लागी गईछ ।

टुटी मेरा जिया बाबा खिरोडीकी राच ।

अन्धा अन्धि तन दुई बोलन लाग्या ।

जैले खाईछ खिरोडी उईकी टुटी राच ।

हमले त खायो बला चुकीलि मैरोडी ।

चुकिली मैरोडी सित भुमरीको तेल ।

सरपन बालो बोलन लागी गईछ ।

तम मेरा जिया बाबा बडा निरगुनी ।

छोड बला सरपन पिछौडीको चाल ।

उखालि दिनाछौ चुकिली मैरोडी ।

उखालि दिईछ हो चुकिली मैरोडी ।

चुकिली मैरोडिमाई त भुमिरिको तेल ।

आब मेरा जिया बाबा क्यौ की छ राच ।

आब बला सरपन बरोडिकी राच ।

सरपन निसिगया बरोडिकी खोज ।

पेज ४

करकसा निसिगईन जलियकी घरी ।

जलिया दादा बिनति मेरि लेन ।

आलि काचि दादा मछेलि मारी देन ।

जलिया दादा ले मछेलि मारी दिईछ ।

लियमन करकसा मछोलि की झुडि ।

धिउनि धिउनि करकसा घरि चलि आईछ ।

सरपन लेई गया बरोडि सिकार ।

लीयमन करकसा जिऊनार साल ।

आधा तौली रेडि हाल्यो बरोडि सिकार ।

आधा तौलि रेडि हाल्यो मछोलिका  डल ।

करकसा रानिले ज्युनार साल्यो ।

करकसा रानि बोलन लागी गईन ।

आसमन सरपन जिऊनार बस ।

सरपन बालो बोलन लागी गईछ ।

अन्धा अन्धी जिया बाबा जिउनार बस ।

अन्धा अन्धि तन दुएई जिउनार बस्या ।

आफु खान्छे करकसा बरोडि सिकार ।

अन्धा अन्धि दिई हाल्यो मछोलिका डल ।

अन्धा अन्धि तन दुईले जिउनार खाईछ ।

सरपन बालो सोधन लागी गइछ ।

टुटि मेरा जिया बाबा बरोडिकी राच ।

अन्धा अन्धि तन दुई बोलन लगी ग्यान

जैले खाईछ बरोडि ऊइकि टुटी राच ।

हमले त खायोबला मछोलिका डल ।

सरपन बालो बोलन लागी गइछ ।

तम मेरा जिया बाबा बडा निरगुनि ।

छोड बला सरपन पिछौडिको चाल ।

ऊखालि दिना छौ हो मछोलिका डल ।

उखालि दिछ हो मछोलिका डल ।

आब मेरा जिया बाबा क्यौ कि छ राच ।

हम बला सरपन तिरथ पुर्याइ दे ।

सरपन निसिगया बारुडिकि घरी ।

बरुडि दादा मेरि बिनति लेन ।

**छोटो ढल**

जीया बाबा तिरथ पुर्याउनौ ।

बास पिजरी बनाईदेन ।

बास पिजरी बनाई लेया ।

पेज ५

अन्धा अन्धि पिजरीमाई पाज्या ।

पिजरी उठाई मुणा राख्यो ।

सरपन बोलन लाग्या ।

जीया बाबा तिरथ पुर्युनौ ।

बोल रानी सपन बोल ।

करकसा बोलन लागी ।

रीटि खोज जनहौ तमरो ।

तीमि स्वामि घर जन पौच्या ।

फीरीपाईतो जन हौ तमरो ।

करकसा असपन बोली ।

पीजरी बिसोई भया रख्यो ।

एक दब्या लिखु काट्यान ।

गोठ है बलदु खोयान ।

लुवा सार मई बनाईछ ।

करकसा मई हालि दलि ।

करकसा बोलन लागी गईछ ।

छाटो हिट रोल्या फोल्या बल्ल ।

खोलिका ओल्सा काटि लिउथीउ ।

काठाको बेडुला काटी लिउथीउ ।

दिन दिन लाडु चिउरा दिन्थ्यु ।

सरपन बोलन लाग्या ।

माठो हिट रोल्या फोल्या बल्ल ।

करकसा मारी लोटईछ ।

करकसा तिथि काल भईछ ।

पिजरी उठाई मुण राख्यो ।

सरपन बटोलि लाग्या ।

पुजि गया सरज्युका घाट ।

सरज्युमाई बास बस्यान ।

सरज्युमाई ज्युनार खाईछ ।

सरज्यु है तरि पार गयान ।

लागी गया खुरिधार बाटा ।

कालो धुरो मन्चनी काट्यो ।

रनवन विन्नरा पुग्या ।

अन्धा अन्धी बोलन लाग्या ।

सरपन बाला हमरा ।

हम बाला खरि लागी तिस ।

खोज बला सरपन पानि

सरपन बोलन लाग्या ।

।

के शङक पानि लिउ मुई ।

अन्ध अन्धि बोलन लाग्या ।

केलडी फडकि झालो पात ।

सुण बाला पानि कि बात ।

ज हन्ना सोड  ऊदिस ।

वा होलो सरपन पानि ।

जा हन्ना तुसराईन झाल ।

वाइ होलो सरपन पनी ।

जा हन्ना ओल्सा गर्डल्ला ।

वाई होलो सरपन पानी ।

जा हन्ना मोर दादर ।

वाई होलो सरपन पानि ।

जा होलो डाडाको निकास ।

वाई होलो सरपन पानी ।

रुख माथि पिजरी झुडेइ झा ।

एक मानो सरस्यु लइझा ।

झानिबार सरस्यु बोइझे ।

अउनिबार तोडो फुलिरलो ।

तई सङ्कु पानी भरी लेएइ ।

रुख माथि पिजरी झुणेइछ ।

रुपाकी घणुलि समाइछ ।

एक मानो सरस्यु समाईछ ।

सरपन बटोलि लाग्या ।

एक न डडोलि काटि हाल्यो ।

पुजि गया दोसरीका छिया ।

ताई धेक्या सोड उदिस ।

सरपन बटोलि लाग्या ।

दोसरी डणोली काटि हाल्यो ।

पुजिगया तेसरिका छिया ।

ताई धेक्या तुसराइन झाल ।

आईगैछ पानिकी बास ।

सरपन खरि लागी आस ।

सरपन बटोलि लाग्या ।

तेसरी डणौली काटी हाल्यो ।

पेज ७

ताई धेक्या होल्सा गर्गङल्ला ।

ताई धेक्यो पानिका् सिमार ।

सरपन बटोलि लाग्या ।

चैाथि डणौलि काटि हाल्यो ।

पुजि गया पाछौ का छिया ।

ताई धेक्या मोर दादर ।

ताई धेक्यो रौटल्या पानि ।

सरपन बटोलि लाग्या ।

न्वालिको पाट पखाल्यो ।

गडुवा धारामाथि लाईछ ।

गडुवा गुदई गुद बोल्यो ।

दशरथ बोलन लाग्या ।

पनघाट गाडो मिर्ग आयो ।

समाईदे बिसाईलो तिर ।

हाडी हाल्यो बिसाईलो तिस ।

बालाइका चामट कोटि लाग्यो ।

बाला हालस होईब गयान ।

दशरथ पन घाट आया ।

ता धेक्यो सरपन बालो ।

बाला पेलि चडि रैथि ।

दशरथ बोलन लाग ।

हरी दैब हरि हो नारायन ।

तेरा लेख बनबाश लिथ्या ।

का आईथे बैरी शत्तुर ।

सरपन बोलन लाग्या ।

जीया बाबा तिरथ पुर्याउनु ।

बिन्नरामाई खोज भण्यो पानि ।

मुई मामा पानि खोज आईथ्यु ।

तिमि मामा पानि भरि लैइझा ।

गाड मामा बिसाइलो तिर ।

दशरथ बोलन लाग्या ।

पेज ८

अन्धा अन्धि का छाडि आईथे ।

के शङ्कु पानि खोज आईथे ।

के शङ्कु पानि भरी लईझु ।

रुख माथि पिजरी झुणेईथ्या ।

अइनिबार तोडो बोईथ्या ।

झानिबार तोडो फुलिरलो ।

तई शङ्क पानि भरी लईझा ।

जिया बाबा तिरथ पुरेया ।

गाड मामा बिसाइलो तिर ।

गाडि हाल्यो बिसाइलो तिर ।

बालाका उपर होइब गयान ।

बालाकि मुच्छेति भईछ ।

दशरथ पानि भरि लैग्या ।

दशरथ दङ दङ हिट ।

अन्धा अन्धि बोलन लाग्या ।

आएतला सरपन बाला ।

लेएबला पानि ।

दशरथ हुम्र मारन्ना ।

अन्धा अन्धि बोलन लाग्या ।

तुइ बालो सरपन हैनि ।

तुई भौल्या दसरथ हैकी ।

है दिदि दशरथ हु मुई ।

लिय दिदि पानि भरि लेऊ ।

तुईले त सरपन मारे ।

तेरो भौल्या पानि लैन खाना ।

है दिदि सरपन मार्‍या ।

हम लागि भानिजैकी हत्या ।

अङ्कस होर मिलान्छे ।

समुदको पानि सुकैन ।

भावनिको लेख्यो मुकैन ।

मु लागी भार्जिकि हत्या ।

हम भौल्या तिरथ पुर्‍याई दे।

पिजरि उठाइ मुण राखि ।

दशरथ गङ्गा किनार ।

दशरथ च्याहान सलुन्ना ।

अन्धा अन्धि च्याहान सलोयो ।

दशरथ बोलन लाग्या ।

अन्धा अन्धि दिदि भिना मेरा ।

पेज ९

मुईले त भानिज मार्‍या ।

बोल दिदि अपसास बोल ।

के बोलौ मुई अपसास ।

सरपन कोखि जाय पुत।

तुई भौल्या पिठीकजे भायलु।

जोई तिर सरपन लागि ।

सोहि तिर तोई लागि झाउ ।

भलो भण्या दिदि भिना मेरा ।

तै को लई के अपसास ।

तीर खसरी ढुङी घोल्यो ।

भैछ मुसल परमाण ।

तीर खसरी ढुङी घोल्यो ।

भईछ सापला परमाण ।

तीर खसरी ढुङी घोल्यो ।

भईछ अगर परमाण ।

सोई तिर चिता फालि दिइछ ।

दशरथ च्याहान पखाल ।

कान्छि औलि भिज्यो बिन ।

दशरथ घर चलि आया ।

## धुमारी।

न्याउलि चडिका परान मधुसोधन गई ।

दशरथ राजाका कति रानि मधुसोधन गई ।

दशरथ राजाका दुई रानि मधुसोधन गई ।

तन रानि केऊ केऊ नाऊ छ मधुसोधन गई ।

जेठी रानि कौसिला नाउ छ मधुसोधन गई ।

कान्सिको सोसिला नाऊछ मधुसोधन गई ।

तन रानि कति कति पुत मधुसोधन गई ।

तन रानि जोलि जोलि पुत मधुसोधन गई ।

तन पुत केऊ केऊ नाऊ छ मधुसोधन गई ।

कौसिला रानिका पुत मधुसोधन गई ।

राम लक्षेमन नाऊ छ हउ मधुसोधन गई ।

सोसिला रानि का पुत हउ मधुसोधन गई ।

भरत शत्रुघन नाउछ नाउ छ हउ मधुसोधन गई ।

कौसिला रानिका पहरा मधुसोधन गई ।

हाई दु:ख रात बिआनि हउ मधुसोधन गई ।

न्याउलि चडिका परान मधुसोधन गई ।

पेज १०

सोसिला रानिका पहरा मधुसोधन गई ।

हाई सुख बिआनि मधुसोधन गई ।

दशरथ राजा बोलन लाग्या मधुसोधन गई ।

औलिको के छ बिचार हऊ  मधुसोधन गई ।

सोसिला रानि बोलन लागि मधुसोधन गई ।

बच्या पाउत बौलिकि मधुसोधन गई ।

बिन बच्या बौलि न नेवा मधुसोधन गई ।

सोसिला मन्थरा मिलिगइन मधुसोधन गई ।

एकबच्या  दोबच्या तिनबच्या मधुसोधन गई ।

राम लक्षेमन बनबास मधुसोधन गई ।

भरत शत्रुघन राज हऊ मधुसोधन गई ।

छोटो ढल

हरी दैव हरि हो नारायन ।

कसेरी दिऊ मुई बनबास ।

रामज्यु शैलसिकार ।

लक्षेमन शैलसिकार ।

सिता रानि गाब मजेलि ।

सिऊदार लेखि हाल्यो आक ।

रामज्यु घर चलि आया ।

लक्षेमन घर चलि आया ।

थार जडिया मारि लेया ।

घोरड काकड मारि लेया ।

हरीण चितल मारि लेया ।

तितरा चाखुडा मारि लेया ।

मृगका भारा लगाई लेया

मृग पटहरि राख्या ।

सिताले ज्युनार साल्यो ।

पुर्बका झरौका गईन ।

लक्षेमन देबर हमरा ।

आस गुसाइ ज्युनार बस ।

रामज्यु गाब मुजेलि ।

रामज्यु ज्युनार बस्या ।

लक्षेमन देलिमा खडा ।